## कन्याकुमारीमा साधनाबाट नयाँ सङ्कल्प

मेरा भारतीय साथीहरु,

प्रजातन्त्रकी जननीको रुपमा चिनिने हाम्रो राष्ट्रमा प्रजातन्त्रकै सबैभन्दा ठूलो उत्सव २०२४ को लोक सभाको चुनाव आज समापन हुँदैछ । कन्याकुमारीमा तीन दिनको आध्यात्मिक यात्रापछि भर्खरै दिल्लीको लागि विमान चढेको छु । काशी लगायत अन्य धेरै सिटमा दिनैभरी मतदान भइरहेको छ ।

थुप्रै अनुभव र भावनाले मेरो मन भरिएको छ... म आफैं भित्र ऊर्जाको असीम प्रवाह महसुस गर्छु । २०२४ को लोकसभा चुनाव अमृत कालमा पहिलो चुनाव हो । सन् १८५७ को पहिलो स्वतन्त्रता संग्रामको भूमि मेरठबाट मैले केही महिना अघि अभियान सुरु गरेको थिएँ । त्यसबेलादेखि मैले हाम्रो महान् राष्ट्रको हरेक कुनाको यात्रा गरेको छु । यी चुनावको अन्तिम ऱ्यालीले मलाई महान गुरुहरुको भूमि र सन्त रविदास जीसँग जोडिएको भूमि पञ्जाबको होशियारपुरमा लिएर गयो । त्यसपछि म कन्याकुमारीमा माँ भारतीको चरणमा आइपुगेँ ।

चुनावको जोश मेरो मन र मस्तिष्कमा गुन्जिनु स्वभाविक हो । ऱ्याली र सडकमा देखिएका भीडका अनुहार मेरा आँखा अगाडि नाचिरह्यो । हाम्रा नारी शक्तिबाट प्राप्त आर्शीवाद...विश्वास, स्नेह, यी सबै अत्यन्तै सुखद अनुभव थियो । मेरा आँखा रसाएका थिएँ... म 'साधना' (ध्यान अवस्था) मा प्रवेश गरेँ । र त्यसपछि, गरमागरम राजनीतिक बहस, आक्रमण र प्रत्याक्रमण, आरोपका शब्द र आवाजहरु जुन सबै चुनावका विशेषता हुन् ... ती सबै शून्यमा हराए । मेरो मनमा वैराग्यको भावना बढ्दै गयो ... मेरो मन बाहिरी संसारबाट पूर्ण रुपमा अलग भयो ।

यति ठूलो जिम्मेवारीका बीचमा ध्यान चुनौतीपूर्ण हुन्छ तर कन्याकुमारीको भूमि र स्वामी विवेकानन्दको प्रेरणाले यसलाई सहज बनायो । म आफै उम्मेदवार भए पनि मैले मेरो अभियान काशीका प्रिय जनताको हातमा छोडेर यहाँ आएको हुँ ।

जन्मैदेखि यी मूल्यमान्यताहरु ममा बीजारोपण गरिदिनुभएकोमा म भगवानप्रति पनि कृतज्ञ छु । यी मूल्यमान्यताहरुको म अत्यन्तै कदर गर्दछु र सकेसम्म आत्मसात गर्ने प्रयास गरेको छु । कन्याकुमारीको यस स्थानमा स्वामी विवेकानन्दले ध्यान गर्दा के अनुभव गर्नभयो होला भनेर म सोचिरहेको थिएँ ! मेरो ध्यानको एक अंश यस्तै खाले कुरा खेलाउँदै बित्यो ।

यो वैराग्यपन, शान्ति र मौनताको बीच, मेरो मन लगातार भारतको उज्ज्वल भविष्य, भारतका लक्ष्यहरु बारेमा सोचिरहेको थियो । कन्याकुमारीमा उदाउँदो सूर्यले मेरो विचारलाई नयाँ उचाइ दियो, सागरको विशालताले मेरो विचारलाई फराकिलो बनायो, क्षितिजको विस्तारले मलाई ब्रह्माण्डको गहिराइमा समाहित एकता, एकत्वको अनुभूति निरन्तर दिलाइराख्यो । दशकौं अघि हिमालयको काखमा गरेका अवलोकन र अनुभवहरु पुनर्जीवित भइरहेका छन् कि जस्तो पो लाग्यो ।

साथीहरु,

कन्याकुमारी सधैं मेरो हृदयको धेरै नजिक रहेको छ । श्री एकनाथ रानाडे जीको नेतृत्वमा कन्याकुमारीमा विवेकानन्द शिला स्मारक निर्माण गरिएको थियो । एकनाथ जीसँग धेरै यात्रा गर्ने अवसर मैले पाएको थिएँ । यो स्मारक निर्माणको क्रममा कन्याकुमारीमा पनि केही समय बिताउने मौका पाएँ ।

कश्मीरदेखि कन्याकुमारीसम्म... यो एउटा साझा पहिचान हो जुन देशका हरेक नागरिकको हृदयमा गहिरो रुपमा बसेको छ । यो ‘शक्तिपीठ’ (शक्तिको आसन) हो जहाँ माँ शक्तिले कन्या कुमारीको रुपमा अवतार लिएकी थिइन् । यस दक्षिणी टुप्पोमा, माँ शक्तिले तपस्या गरी भारतको उत्तरी भागमा हिमालयमा बास गरिराख्नुभएको भगवान शिवलाई पर्खेर बसेकी थिइन् ।

कन्याकुमारी संगमभूमि हो । हाम्रा देशका पवित्र नदीहरु विभिन्न समुद्रहरुमा बग्छन् र यहाँ, ती समुद्रहरु एउटा विन्दुमा आएर मिल्छन् । र यहाँ, हामी अर्को ठूलो संगम देख्छौं – भारतको वैचारिक संगम ! यहाँ, हामीले विवेकानन्द शिला स्मारक, सन्त तिरुवल्लुवरको भव्य प्रतिमा, गान्धी मण्डपम र कामराजर मणि मण्डपम देख्न सक्छौं । यी दिग्गजहरुका विचारधारा यहाँ सम्मिलन भई राष्ट्रिय विचारको संगम बनाउँछन् । यसले राष्ट्र निर्माणका लागि ठूलो प्रेरणा

दिने काम गर्दछ । कन्याकुमारीको यो भूमिले एकताको अमेटनीय सन्देश दिन्छ, विशेष गरी ती व्यक्तिलाई जसले भारतको राष्ट्रियता र एकताको भावनामा शङ्का गर्ने गर्दछ ।

कन्याकुमारीमा सन्त तिरुवल्लुवरको भव्य प्रतिमाले समुद्रबाट माँ भारतीको विस्तारलाई हेरिरहेको प्रतीत हुन्छ । सन्त तिरुवल्लुवरद्वारा रचित तिरुक्कुरलाई सुन्दर तमिल भाषाकै मुकुट रत्नहरुमध्येको एक मानिन्छ । यसले जीवनको हरेक पक्षलाई समेट्नुका साथै आफ्ना लागि र राष्ट्रका लागि उत्कृष्ट प्रर्दशन गर्न प्रेरित गर्दछ । यस्ता महान व्यक्तित्वलाई सम्मान गर्न पाउनु मेरो अहोभाग्य हो ।

साथीहरु,

स्वामी विवेकानन्दले एकपटक भनेका थिए, 'हरेक राष्ट्रसँग दिनका लागि एउटा सन्देश हुन्छ, पुरा गर्नका लागि एउटा मिशन हुन्छ र पुग्नका लागि एउटा नियति हुन्छ ।'

हजारौं वर्षदेखि भारत यही सार्थक उद्देश्यको भावना लिएर अगाडि बढिरहेको छ ।  भारत हजारौं वर्षदेखि विचारको उद्गमस्थल रहेको छ । हामीले आर्जन गरेको कुरालाई हामीले कहिल्यै पनि आफ्नो व्यक्तिगत सम्पत्तिको रुपमा लिएका छैनौं न त यसलाई आर्थिक वा भौतिक मापदण्डहरुद्वारा विशुद्ध रुपमा मापन गरेका छौं ।  तसर्थ, 'इंद–न–मम'(यो मेरो होइन) भारतको चरित्रको एउटा अन्तर्निहित र स्वाभाविक हिस्सा बन्न पुगेको छ ।

भारतको कल्याणले हाम्रो ग्रहको प्रगतिको यात्रालाई पनि फाइदा पुर्‍याउँछ । यसका लागि स्वतन्त्रता आन्दोलनलाई उदाहरणको रुपमा लिऔं ।  भारतले सन् १९४७ अगस्ट १५ मा स्वतन्त्रता प्राप्त गर्‍यो । त्यसबेला विश्वका धेरै देश औपनिवेशिक शासनको अधीनमा थिए । भारतको स्वतन्त्रता यात्राले ती धेरै देशहरुलाई आफ्नो स्वतन्त्रता प्राप्त गर्न प्रेरित र सशक्त बनायो । त्यही भावना दशकौं पछि फेरी एक पटक प्रकट भयो जब पुरै संसार शताब्दियौंमा एक पटक देखा पर्ने कोभिड–१९ महामारीसँग जुझिरहेको थियो । गरिब र विकासशील देशहरुबारे चिन्ता र चासो उठेको बेला भारतको सफल प्रयासले धेरै राष्ट्रहरुलाई साहस र सहयोग प्रदान गर्‍यो ।

आज, भारतको शासन मोडेल विश्वका धेरै देशहरुको लागि उदाहरण बनेको छ । मात्र दश वर्षमा २५ करोड मानिसलाई गरिबीबाट माथि उठ्न सशक्त बनाउनु अभूतपूर्व हो । आज विश्वभरी प्रो–पिपल गुड गभर्नेन्स, आकांक्षी जिल्लाहरु र आकांक्षी ब्लकहरु जस्ता  नवीन अभ्यासबारे चर्चा भइरहेको छ । गरिबलाई सशक्त बनाउनुदेखि लिएर अन्तिम माइल डेलिभरी गर्नुसम्मका हाम्रा प्रयासहरुले समाजमा दयनीय अवस्थामा रहेका व्यक्तिहरुलाई प्राथमिकतामा राख्न विश्वलाई नै प्रेरित गरेको छ । गरिबहरुलाई सशक्त बनाउन, पारदर्शिता ल्याउन र उनीहरुको अधिकार सुनिश्चित गर्न हामी कसरी प्रविधिको प्रयोग गर्न सक्छौं भनी देखाउन भारतको डिजिटल इन्डिया अभियान अब सारा संसारका लागि एउटा उदाहरण बनेको छ । भारतमा सस्तो डाटा गरिबहरुमा सूचना र सेवाको पहुँच सुनिश्चित गर्दै सामाजिक समानताको माध्यम बनिरहेको छ । सारा विश्वले प्रविधिको लोकतन्त्रीकरण हेर्नुका साथै अध्ययन गरिरहेको छ, र प्रमुख विश्वव्यापी संस्थानहरुले धेरै देशहरुलाई हाम्रो मोडलका तत्वहरु अपनाउन सल्लाह दिइरहेका छन् ।

आज, भारतको प्रगति र उदय केवल भारतका लागि मात्रै महत्वपूर्ण अवसर नभई विश्वभरका हाम्रा सबै साझेदार राष्ट्रहरुको लागि पनि ऐतिहासिक अवसर हो । जी–२० को सफलता पछि, विश्वले भारतको लागि ठूलो भूमिकाको परिकल्पना गरिरहेको छ । आज, भारतलाई ग्लोबल साउथको बलियो र महत्वपूर्ण आवाजको रुपमा चिनिन्छ । अफ्रिकी संघ भारतको पहलमा जी–२० समूहको हिस्सा बनेको छ । यो अफ्रिकी देशहरुको भविष्यको लागि एक महत्वपूर्ण उपलब्धि साबित हुनेछ ।

साथीहरु,

भारतको विकास पथले हामीलाई गर्व र गौरव महसुस गराउँदछ, तर साथसाथै, यसले १४० करोड नागरिकहरुलाई उनीहरुको जिम्मेवारी याद दिलाउँछ । अब, एक पल खेर नफाल्दै, हामीले ठूलो कर्तव्य र ठूला लक्ष्यहरु तर्फ अघि बढ्नुपर्छ । हामीले नयाँ सपना देख्न, ती सपनालाई वास्तविकतामा परिणत गर्न र ती सपनाहरुमा बाँच्न जरुरी छ ।

हामीले भारतको विकासलाई विश्वव्यापी परिप्रेक्ष्यमा हेर्नुपर्छ र यसका लागि हामीले भारतको आन्तरिक क्षमतालाई बुझ्नुपर्छ । हामीले भारतको शक्तिलाई स्वीकार गर्नुपर्दछ, तिनीहरुलाई पालनपोषण गर्नुपर्दछ र विश्वको हितको लागि प्रयोग गर्नुपर्दछ । आजको विश्वव्यापी

परिदृश्यमा, युवा राष्ट्रको रुपमा भारतको शक्ति एउटा अवसर हो जसबाट हामीले पछाडि फर्केर हेर्नु हुँदैन ।

२१ औँ शताब्दीको विश्व धेरै आशा लिएर भारततर्फ हेरिरहेको छ । र हामीले वैश्विक परिदृश्यमा अगाडि बढ्न धेरै परिवर्तनहरु गर्न आवश्यक छ । हामीले सुधारको सन्दर्भमा हाम्रो परम्परागत सोचलाई पनि परिवर्तन गर्न आवश्यक छ । भारतले सुधारलाई आर्थिक सुधारमा मात्र सीमित गर्न सक्दैन । हामीले जीवनका हरेक पक्षमा सुधारको दिशातर्फ अघि बढ्नुपर्छ । हाम्रा सुधारहरुलाई २०४७ सम्ममा 'विकसित भारत' को आकांक्षासँग पनि जोड्नुपर्छ ।

हामीले यो पनि बुझ्नुपर्छ कि सुधार कुनै पनि देशको लागि एक आयामिक प्रक्रिया हुन सक्दैन । त्यसैले देशको सुधार, प्रदर्शन र परिवर्तनको परिकल्पनाको बीज रोपेको छु । सुधारको जिम्मेवारी नेतृत्वको हो । त्यसैको आधारमा हाम्रो कर्मचारीतन्त्रले काम गर्छ र हामी परिवर्तन भइरहेको तब मात्र देख्छौं जब जनता जनभागीदारीको भावनामा जोडिन्छन् ।

हामीले हाम्रो देशलाई 'विकसित भारत' बनाउनको लागि मौलिक सिद्धान्तलाई उत्कृष्टता बनाउनुपर्छ । हामीले चारै दिशामा छिटो काम गर्न आवश्यक छ: गति, मात्रा, दायरा र मानक । उत्पादनका साथसाथै हामीले गुणस्तरमा पनि ध्यान दिनुपर्छ र 'शून्य दोष–शून्य प्रभाव' को मन्त्रलाई पालना गर्नुपर्छ ।

साथीहरु,

भगवानले हामीलाई भारत भूमिमा जन्म दिनु भएकोमा हामीले हरेक पल गर्व गर्नुपर्छ । भगवानले हामीलाई भारतको सेवा गर्न र हाम्रो देशको उत्कृष्टतातर्फको यात्रामा हाम्रो भूमिका पूरा गर्न छान्नुभएको छ ।

हामीले पुरातन मूल्यमान्यतालाई आधुनिक परिवेशमा अंगाल्दै हाम्रा सम्पदालाई आधुनिक ढंगले परिभाषित गर्नुपर्छ ।
एक राष्ट्रको रुपमा, हामीले पुरानो सोच र मान्यताहरुको पुनर्मूल्यांकन गर्न आवश्यक छ । हामीले हाम्रो समाजलाई व्यावसायिक निराशावादीहरुको दबाबबाट मुक्त गर्न आवश्यक छ । हामीले याद

गर्नै पर्छ कि नकारात्मकताबाट मुक्ति सफलता प्राप्त गर्नेतर्फको पहिलो पाइला हो । सकारात्मकताको काखमा सफलता फुल्ने गर्दछ ।

भारतको असीम र अनन्त शक्तिमा मेरो आस्था, भक्ति र विश्वास दिन प्रतिदिन बढ्दै गएको छ । विगत १० वर्षमा, मैले भारतको यो क्षमता अझ बढेको देखेको छु र प्रत्यक्ष अनुभव गरेको छु ।

जसरी हामीले २० औँ शताब्दीको चौथो र पाँचौं दशक स्वतन्त्रता आन्दोलनलाई नयाँ गति दिन उपयोग गर्‍यौं, त्यसैगरी २१ औँ शताब्दीका यी २५ वर्षमा हामीले 'विकसित भारत' का लागि आधारशिला राख्नुपर्छ । स्वतन्त्रता संग्राम एउटा यस्तो समय थियो जसमा ठूलो बलिदानको आवश्यकता थियो । वर्तमान समयमा सबैका तर्फबाट ठूलो र दिगो योगदानको आवश्यकता देखिन्छ ।

स्वामी विवेकानन्दले सन् १८९७ मा भनेका थिए कि हामीले आगामी ५० वर्ष राष्ट्रको लागि मात्र समर्पित गर्नुपर्छ । यो आह्वानको ठीक ५० वर्षपछि सन् १९४७ मा भारतले स्वतन्त्रता प्राप्त गर्‍यो ।

आज हामीसँग त्यही सुनौलो अवसर छ । अबको २५ वर्ष राष्ट्रको लागि मात्रै समर्पित गरौं । हाम्रो प्रयासले भारतलाई नयाँ उचाइमा पुर्‍याउँदै आउने पुस्ता र आगामी शताब्दीका लागि बलियो जग निर्माण गर्नेछ । देशको उर्जा र उत्साहलाई हेर्दा अब लक्ष्य धैरै टाढा छैन भन्न सक्छु । आउनुहोस् छिटो कदम चाल्नुहोस्... आउनुहोस् हामी सबै मिलेर विकसित भारत बनाऔं ।

–यी विचारहरु विमानबाट जुन १ मा कन्याकुमारीबाट दिल्ली फर्कने क्रममा साँझ ४ः१५ बजेदेखि बेलुका ७ बजेसम्मको बीचमा प्रधानमन्त्रीले लेख्नुभएको हो ।